11/1/2023

डा. Horton को स्तम्भ

## DCSD पुलहरू बनाउनमा केन्द्रित छ, न कि पर्खालहरू

आदरणीय विद्यार्थीहरू, परिवारहरू, तथा सामुदायिक साझेदारहरू,

DeKalb County School District (*DCSD*) मा, हामी गर्वका साथ विविधतालाई अँगाल्छौं र हाम्रा विद्यार्थीहरूको विशेष पृष्ठभूमि र संस्कृतिहरूको प्रशंसा गर्छौं । हामी सुरक्षा, सम्मान र एकतालाई प्रोत्साहन र समर्थन गर्ने शैक्षिक प्रणालीको मलजल गर्न वफादार रहन्छौं । यस कारणका लागि, DCSD यो कुरामा गर्व गर्छ कि हामी 140 भन्दा बढी भाषाहरू बोलिने संस्कृतिहरूको एउटा समिश्रित समुदाय हो जसले 138 विद्यालयहरू र सेन्टरहरू भरिबाट 180 भन्दा बढी देशहरूको प्रतिनिधित्व गर्छ । यस्तो वातावरणको बढवा दिने हाम्रो विशेष विशेषाधिकार तथा कर्तव्य हो जसले हाम्रा ढोकाहरूमा प्रवेश गर्ने प्रत्येक व्यक्तिको स्वागत, उत्थान, र स्वागत गर्छ ।

विविधताको यस आलिङ्गनमा, DCSD ले सच्चा रूपमा समावेशी शैक्षिक वातावरण प्रदान गर्ने आफ्नो प्रतिबद्धतालाई गर्वका साथ पुष्टि गर्छ । हाम्रो अभियानको केन्द्रुविन्दु भनेको MIRACLES (चमत्कारी) निरन्तर सुधार योजना हो, जसले समता, अवसर र विद्यार्थी क्षमताको विकासको प्रतिज्ञा गर्दछ । यो अभियान हाम्रो H-PRIDE (**H**umanization (मानवता), **P**rofessionalism (व्यवसायिकता), **R**espect (सम्मान), **I**ntegrity (अखण्डता), **D**ignity (प्रतिष्ठा), र **E**mpathy (सहानुभूति)) सिद्धान्तद्वारा निर्देशित छ जसले हरेक बालबालिकाको लागि शैक्षिक समता तथा व्यक्तिगत सफलतातर्फको यात्रामा हाम्रो पथप्रदर्शकको रूपमा काम गर्छ ।

फ्रेमवर्क तथा सिद्धान्तहरू बाहेक, शैक्षिक संस्थाको रूपमा हाम्रो भूमिका शिक्षा भन्दा परसम्म फैलिएको छ र हाम्रो भूमिकामा विविधताको बुझाइ, मान्यता, र एकताको महत्त्वलाई प्रोत्साहन गर्ने कुरा समावेश छ । प्रत्येक समुदायका सदस्यले महत्त्व पाएको, सम्मान पाएको, र सबै भन्दा ठूलो कुरा सुरक्षित महसुस गर्न पाउनुपर्छ ।

मध्य एसियाका हालसालैका घटनाहरूका सम्बन्धमा DCSD को धारणा बुझ्न समुदायका सदस्यहरू तथा अन्य व्यक्तिहरूले मलाई सम्पर्क गरेका छन् । हाम्रो धारणा सामान्य छः  हामी कसैको विरुद्धमा हुने कुनै पनि प्रकारको भेदभाव, दुर्व्यवहार र विभाजनको विरुद्धमा दृढतापूर्वक उभिन्छौं ।

मैले मध्य पूर्वका घटनाहरूका सम्बन्धमा परिवारलाई पठाइएको पत्र मा जे कुरा उल्लेख गरेको थिए, सोही अनुसार DCSD ले हाम्रो विद्यालय समुदायको सुरक्षालाई बलियो बनाउन सुदृढ कदमहरू चालेको छ । DCSD का प्रहरी अधिकारीहरूदेखि प्रशासकहरू र कर्मचारी सदस्यहरूसम्म, हामी सबै हाम्रो सुरक्षा उपायहरूका सम्बन्धमा पूर्वसक्रिय, सतर्क र दृढ रहन एकजुट छौं । यी घटनाहरूसँग सम्बन्धित कुनै पनि सम्भावित खतरा वा घटनाहरू हाम्रा समर्पित कर्मचारीहरूद्वारा गम्भीरताको साथमा र तत्काल सम्बोधन गरिनेछ ।

यद्यपि, सुरक्षा भनेको साझेदारी हो । हामी फेरि पनि सबैलाई यो प्रयासमा साथ दिन अनुरोध गर्दछौं । "*केही दुख्नुभयो, केही भनी हाल्नुहोस्*" अभियान सुत्रवाक्य मात्र होइन—यो कदम चाल्ने सङ्केत हो । यदि तपाईं वा तपाईंका विद्यार्थीले कुनै पनि सम्भावित खतराको बारेमा थाहा पाउनुभयो, र यो जहाँसुकै भए पनि, हामी विश्वस्त छौं कि तपाईंले यस बारेमा तुरुन्तै हाम्रो कर्मचारीलाई भन्नुहुनेछ ।

हालका विश्वव्यापी घटनाहरूको बावजुद, Dekalb County School District व्यक्तिको पृष्ठभूमि वा आस्था जे जस्तो सुकै भए पनि सबै व्यक्तिहरूलाई समान व्यवहार गर्ने तथा करुणा देखाउने भविष्य सुनिश्चित गर्न प्रतिबद्ध रहन्छ । यसको मूलतत्त्वमा, हामीलाई विश्वास छ कि हामी हाम्रा आजका विद्यार्थीहरू मार्फत भोलिको लागि थप सहिष्णु, समावेशी र सुरक्षित संसार सिर्जना गर्ने दिशामा काम गर्न सक्छौं ।